# पशु आहारा खरिद तथा ढुवानीमा अनुदान कार्यक्रम सञ्चालन मापदण्ड-२०८१

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०८१/०७/ २७ मा स्वीकृत)

प्रस्तावना: पशुजन्य उत्पादनको लागत घटाई पशुपालन व्यवसायलाई दिगो बनाउनका लागि वर्षभरी नै गुणस्तरीय, सन्तुलित र पर्याप्त आहारा आपूर्तिमा सहजीकरण गर्न **"पशु आहारा खरिद तथा ढुवानीमा अनुदान कार्यक्रम"** सञ्चालन गर्ने उद्देश्यले बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यो मापदण्ड तयार गरेको छ।

१. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा –

(क) **"पशु आहारा"** भन्नाले दाना वा दाना पदार्थ बाहेक साईलेज, हे, टि.एम.आर. जस्ता संरक्षित पशु आहारालाई सम्झनु पर्दछ।

(ख) **"पशु"** भन्नाले गाई, भैंसी, भेडा र बाख्रालाई सम्झनु पर्दछ।

(ग) **"कार्यविधि"** भन्नाले बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ सम्झनु पर्दछ।

२. प्राविधिक पक्ष: (१) आवेदक पशुपालक कृषक फर्म/समूह/समिति/सहकारी हुनुपर्नेछ।

(२) आवेदक संस्थाले दफा ५ बमोजिमको आवश्यक न्यूनतम शर्तहरू पूरा गरेको हुनुपर्नेछ।

(३) आवेदक संस्था छनोटका लागि कार्यालयले प्रस्ताव आह्वान गर्नेछ।

(४) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरूले अनुसूची-१ अनुसारको संक्षिप्त कार्ययोजना सहित बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा १७ को उपदफा (३) मा उल्लिखित कागजातहरूका साथै देहायका कागजात समेत समावेश गरी आवेदन पेस गर्नु पर्नेछ।

(क) सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस पत्र ।

(ख) सम्बन्धित समूह/समिति/सहकारीको हकमा कार्यक्रम सञ्चालन प्रस्ताव पेस गर्ने र कार्यक्रम स्वीकृत भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपि।

(ग) सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(५) आवेदकले उपदफा (४) बमोजिमको आवेदन पेस गर्दा दफा ३ को उपदफा (१) को (क) वा (ख) मध्येबाट कुनै एक मात्र कार्यक्रमका लागि प्रस्ताव पेस गर्नुपर्नेछ।

(६) सम्बन्धित कार्यालयबाट खटिएको अनुगमन टोलीले प्राप्त प्रस्तावको स्थलगत निरीक्षण गरी प्रतिवेदन पेस गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम निरीक्षण प्रतिवदेन प्राप्त भए पश्चात बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ मा ब्यवस्था भएको मूल्याङ्कन तथा सिफारिस समितिले मापदण्डको दफा ४ बमोजिमको मूल्याङ्कनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी आवेदक छनोटका लागि सिफारिस गर्नुपर्नेछ।

गण्डकी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

(८) उपदफा (७) बमोजिम सिफारिस भएका प्रस्ताव स्वीकृत गरी कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार आवेदकको आवश्यकता र प्राविधिक उपयुक्तताको आधारमा कार्ययोजना सहित अनुदानग्राहीसँग कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्नु पर्नेछ।

(९) प्रस्ताव स्वीकृत भएको कुनै आवेदक तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम अनुसार मूल्याङ्कनमा पचास प्रतिशत भन्दा बढी अंक प्राप्त गरेका अन्य आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न कुनै बाधा पर्नेछैन।

३. <u>आर्थिक पक्षः</u> (१) कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको अनुदान सहयोग उपलब्ध गराउनेछः-

(क) पशु आहारा खरिदमा अनुदानका लागि प्रति के.जी. खरिद मूल्यको पचास प्रतिशत वा छ रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम।

(ख) पशु आहारा ढुवानीका लागि प्रति के.जी. ढुवानी लागत को पचास प्रतिशत वा चार रुपैयाँ मध्ये जुन कम हुन्छ सोही रकम।

(२) उपदफा (१) को अनुदान सीमा ब्यक्तिगत फर्म आवेदक भएमा प्रति आवेदक न्यूनतम ५००० के.जी. र अधिकतम १०००० के.जी. एवं आवेदक समूह/समिति/सहकारी भएमा प्रति आवेदक न्यूनतम ५००० के.जी. र अधिकतम २०००० के.जी. हुनुपर्नेछ।

४. <u>प्रस्ताव मूल्याङ्कनका आधारहरूः</u> दफा १ को उपदफा (४) बमोजिम पेस भएका प्रस्तावको मूल्याङ्कनका आधारहरू देहाय अनुसार हुनेछ।

| क.सं. | विवरण | अंक भार |
|---|---|---|
| १.० | **न्यूनतम पूर्वाधार र शर्तहरू** | १५ |
| १.१ | दफा ५ बमोजिमको न्यूनतम शर्तहरू पूरा गरेको | १० |
| १.२ | दफा ५ को सम्बन्धित शर्तमा अतिरिक्त थप २० प्रतिशत पशुपन्छी बराबर १ अंकका दरले थप गर्दै अधिकतम् ५ अंक प्रदान गर्ने | ५ |
| २.० | **पशुपालन फर्म सञ्चालन अवधि** | १० |
| २.१ | पशु पालन फर्म सञ्चालन को १ वर्ष अवधि पुरा नगरेको | ५ |
| २.२ | पशु पालन फर्म सञ्चालन को थप १ वर्षको लागि १ नंबर थप गर्दै अधिकतम ५ नंबर सम्म प्रदान गर्ने | ५ |
| ३.० | **अनुदानको अवस्था** | १० |
| ३.१ | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यमा अनुदान नलिएको | १० |
| ३.२ | पछिल्लो दुई आ.व मा सोही प्रकृतिको कार्यमा अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तार गर्ने योजना पेस गरेको | ५ |
| ४.० | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोंच, असल पशुपालन अभ्यास, दिगोपना, बजार योजना लगायतका विषयहरू तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १५ अंक सम्म प्रदान गर्न सक्ने) | १५ |
| जम्मा | | ५० |

५. <u>आवश्यक शर्तहरू</u>: दफा १ को उपदफा (४) बमोजिम प्रस्ताव पेस गर्दा देहायका आवश्यक शर्तहरू पूरा गरेको हुनु पर्नेछः-

(क) न्यूनतम ५ गोटा दुहुना गाई/भैंसीपालन गरेको वा कम्तीमा दैनिक ५० लिटर दुध उत्पादन गर्ने हुनुपर्नेछ।

(ख) भेडा/बाख्राको हकमा कम्तीमा २५ माउपालन गरेको हुनुपर्नेछ।

६. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस मापदण्डमा उल्लेख भएका विषय यसै मापदण्ड बमोजिम हुने र अन्य विषय बजेट तथा कार्यक्रम सञ्चालन सम्बन्धी एकिकृत कार्यविधि, २०८१, बमोजिम हुनेछ ।

७. <u>बाधा अड्काउ फुकाउ</u>: यस मापदण्डको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

८. <u>संशोधन</u>: मन्त्रालयले यस मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ ।

गण्डकी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पोखरा, नेपाल

अनुसूची-१

(दफा १ को उपदफा (४) संग सम्बन्धित)

**पशु आहारा खरिद तथा ढुवानीमा अनुदान कार्यक्रम**

**कार्यक्रम सञ्चालनको लागि संक्षिप्त कार्ययोजनाको ढाँचा**

(क) आवेदकको नाम र ठेगानाः

(ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नंः

(ग) कार्यक्रम सञ्चालन हुने स्थानः

(घ) सञ्चालन गर्ने व्यवसायः

(ङ) लाभान्वित (कार्यक्रममा सहभागी हुने) घरधुरी संख्याः

(च) व्यवसायको विस्तृत विवरणः

अ) पशुपालनको अवस्था

| क्र.सं. | पालन गरिएको पशुको किसिम | दुधालु /माउ संख्या | थारा माउ संख्या | पाडा/वाच्छा वा पाठा/पाठी संख्या | कोरली/वहर वा पठ्याङ्ग्रा संख्या | गोरु/राँगो वा खसि संख्या | जम्मा पशु संख्या | दैनिक दुध उत्पादन | वार्षिक खसि बोका उत्पादन |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गाई | | | | | | | | |
| २ | भैंसी | | | | | | | | |
| ३ | भेडा | | | | | | | | |
| ४ | बाख्रा | | | | | | | | |
| | जम्मा | | | | | | | | |

आ) घाँस खेती तथा आहारा व्यवस्थापनको अवस्था

| क्र.सं. | घाँस खेती तथा आहारा किसिम | खेती गरिएको क्षेत्रफल रोपनी/कट्ठा | वार्षिक उत्पादन मे.टन | वार्षिक आवश्यकता | पुग नपुग अवस्था | नपुग हुने भए नपुग हुने महिना |
|---|---|---|---|---|---|---|
| १ | एक वर्षे घाँस | | | | | |
| २ | बहुवर्षे भुईं घाँस | | | | | |
| ३ | डाले घाँस | | | | | |
| ३ | हे उत्पादन | | | | | |
| ४ | साइलेज उत्पादन | | | | | |
| जम्मा | | | | | | |

छ) चालु आ.व.मा गरिने पशु आहारा खरिदको स्रोत पहिचान :

१. सम्भावित स्रोतको ठेगानाः-

२. फर्मवाट दुरी कि.मि.-

ज) चालु आ.व.मा सञ्चालन गरिने पशु आहारा खरिद तथा ढुवानीको विवरण :

| क.स. | क्रियाकलापको विवरण | परिमाण के.जी. | प्रति ईकाइ लागत अनुमान | कुल अनुमानित लागत | खर्च ब्यहोर्ने स्रोत | | सम्पन्न गर्न लाग्ने समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आफूले व्यहोर्ने | माग गरिएको | |
| १ | पशु आहारा ...............खरिद | | | | | | |
| २ | पशु आहारा .............ढुवानी | | | | | | |
| जम्मा | | | | | | | |

झ) उत्पादित वस्तुहरूको बजारीकरण कहाँ, कसरी र वार्षिक कति मात्रामा गर्ने :

ञ) अपेक्षित उपलब्धी तथा प्रतिफलहरू:

ट) नयाँ सोच तथा व्यावसायलाई दिगोरुपमा सञ्चालन गर्ने भावी योजना :

<u>प्रस्तावकको</u>

फार्म/संस्थाको नाम ठेगानाः

सम्पर्क व्यक्तिः

दस्तखतः

संस्थाको छापः

सम्पर्क नं.

मितिः

(नोटः प्रस्ताव तयार गर्दा आवश्यकता अनुसार पाना तथा तालिकाका पङ्क्तिहरू थप गर्न सकिनेछ।)